नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभाग्
**ई.पि.एस.कोरिया शाखा**
ग्वार्को, ललितपुर ।

मिति:-२०८२।१०।०५

प्रेस विज्ञप्ती ।

नेपाल सरकार र दक्षिण कोरिया सरकारबीच सन् २००७ मा रोजगार अनुमति प्रणाली (EPS) सम्झौता (MOU) भए पश्चात वर्षेनी नेपाली श्रमिकहरु दक्षिण कोरिया जाने गरेका छन् । चालु आ.ब. मा मात्र (पौष मसान्त सम्म) विभिन्न क्षेत्रमा गरी ४५०७ जना नेपाली श्रमिकहरु दक्षिण कोरिया गएर रोजगारी प्राप्त गरिसकेको अवस्था छ। HRD Service of Korea बाट लिईने कोरियन भाषा परीक्षा र Skill Test उत्तीर्ण गरी विभिन्न क्षेत्रका रोष्टरमा रही दक्षिण कोरिया जान प्रतिक्षामा रहेका व्यक्तिहरुले विभिन्न मागहरु राखी धर्ना, जुलुस, आन्दोलन जस्ता कार्यहरु गर्ने गरेको सन्दर्भमा सम्पूर्ण दाजुभाई तथा दिदिबहिनीहरुको रोजगारीको सुनिश्चितता प्रति नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र ई.पि.एस. कोरिया शाखा प्रतिवद्ध छ । साथै, समस्या सामाधानको लागि गरेका पहलका बारेमा पटक पटक मन्त्रालय र यस शाखाबाट विज्ञप्ती जारी भैसकेको र यस अघि गत पौष १८ गते भएको सहमती/निर्णय क्रमशः कार्यान्वयन भैरहेको व्यहोरा जानकारीका लागी अनुरोध छ ।

यसै सन्दर्भमा विभिन्न सामाजिक सञ्जाल मार्फत मिति २०८२।१०।०६ गते देखि पुनः धर्ना, जुलुस, आन्दोलन जस्ता कार्यक्रम गर्ने भनी जानकारीमा आएकोले मागरत पक्षका प्रतिनिधिहरु र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका माननीय मन्त्रीज्यू, श्रीमान् सचिवज्यू संग मिति २०८२।०९।१८ गते छलफल भई मन्त्रालयमा भएको सहमती/निर्णय अनुसार नेपाल सरकारबाट कोरियामा समस्या सामाधानका लागी कुटनीतिक पहल भैसकेको, छानबिन समितिको प्रतिवेदन अन्तिम चरणमा पुगेको र छिट्टैनै नेपालबाट उच्चस्तरीय टोली समस्या सामाधानका लागि दक्षिण कोरिया प्रस्थान गर्ने तयारी भएकोले मागरत पक्षहरुलाई संयमित रहि आन्दोलनका कार्यक्रमहरु नगरी नेपाल सरकारको उच्च पदस्थ अधिकारीहरुसँग आफ्ना मागहरु राखि वार्ता गर्न सबै क्षेत्रहरुको प्रतिनिधित्व हुने गरी प्रतिनिधिमूलक ढंगबाट बढीमा १० (दश) जना मागकर्ताहरु छनौट गरि नाम नामेसी समेत यस शाखालाई यथाशिघ्र उपलब्ध गराउन मागरत पक्षमा अनुरोध गर्दछौं ।

२०८२।१०।०५

टिकाराम ढकाल
निर्देशक